# बनेपा नगरपालिका कार्यालय

बनेपा, काभ्रेपलाञ्चोक

## भवन डिजाईनर तथा कन्सल्टेंन्सी सूची दर्ता सम्बन्धी

## सूचना

हालै आएको बिनाशकारी भूकम्प पश्चात नेपाल सरकारद्वारा अब निर्माण हुने भवनहरु **"भवन निर्माण आचार संहिता"** **(Building Code)** अनुसार निर्माण गर्न परिपत्र भए अनुसार यस बनेपा नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुमा आ.व. २०७२/७३ देखि **"भवन निर्माण आचार संहिता"** लागू हुने हुँदा भवन निर्माण प्रयोजनार्थ यस नगरपालिका कार्यालयमा नक्शापासको लागि पेश हुने नक्शा यस नगरपालिकाद्वारा सूचीकृत प्राबिधिक तथा ईन्जिनियरिङ्ग कन्सलटेन्सीहरुबाट मात्र तयार गरी पेश गर्न सकिने व्यबस्था भएको हुँदा सो कार्य गर्न ईच्छुक प्राबिधिक तथा ईन्जिनियरिङ्ग कन्सलटेन्सीहरुलाई बनेपा नगरपालिकामा सूचीकृत हुन दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

भवन ऐन, २०५५ मा भवनको बर्गिकरण भए अनुसार बर्ग "क", "ख", "ग" र "घ" को लागि ईन्जिनीयरिङ्ग कन्सलटेन्सी मार्फत र बर्ग "ग" र "घ" को लागि ईन्जिनीयरिङ्ग कन्सलटेन्सी वा योग्यता पुगेका प्राविधिकले व्यक्तिगत रुपमा पनि नक्शा तयार गर्न सकिने छ ।

दरखास्त दिनको लागि तयार गरिएको आबेदन फाराम यस नगरपालिका कार्यालयको राजश्व शाखाबाट रु.१००।- (एकसय मात्र) तिरी प्राप्त गर्न सकिनेछ । ईन्जिनीयरिङ्ग कन्सलटेन्सी वा व्यक्तिगत सूचीकृतको लागी छुट्टाछुट्टै फाराम भर्नु पर्नेछ । अन्य जानकारीको लागि कार्यालय समय भित्र बनेपा न.पा., शहरी बिकास शाखामा राख्न सकिने छ ।

Scanned by CamScanner